कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ताप्लेजुङ

ताप्लेजुङ, नेपाल

## छुर्पी प्रवर्धन कार्यक्रम सम्बन्धि सुचना

सुचना नं. २-२०८२/८३ प्रथम पटक सुचना प्रकाशित मितिः २०८२/१२/२६
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०१/१० गते सम्म

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ताप्लेजुङको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ताप्लेजुङ जिल्लामा छुर्पी प्रवर्धन कार्यक्रम गर्नका लागि पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स, २०८२ ले तोके बमोजिमका शर्तहरु पालना गरि ताप्लेजुङ जिल्लाका इच्छूक छुर्पी उत्पादक कृषक/उधमी/कृषक समुह/सहकारीहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ताप्लेजुङको फोन नं ०२४-४६०१७६ वा मोबाइल नं ९८५२६६०१७६ र ९८५२६६०३७६ मा सम्पर्क राख सक्नुहुनेछ।

कार्यक्रम विवरण

| क.सं | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अनुदान प्रतिशत | पशुपन्छी प्रसार कार्यक्रम संचालन नर्म्स २०८२ सँग सम्बन्धित बुँदा नं | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | कार्यक्रमको कुल बजेट |
|---|---|---|---|---|---|
| १ | छुर्पी प्रवर्धन कार्यक्रम | शत प्रतिशत | परिच्छेद ६ को बुँदा नं ४३ | छुर्पी उत्पादक कृषक/उधमी/कृषक समुह/सहकारीहरु | ५,००,००० (पाँच लाख मात्र) |

प्रस्ताव साथ संलग्न हुन पर्ने कागजातहरुः

1. तोकिएको ढाँचाको निवेदन
2. तोकिएको ढाँचाको कार्यक्रम प्रस्तावना
3. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
4. फर्म/उद्योग/कम्पनी/समुह/संस्था/सहकारीको हकमा सुचना प्रकाशन अगावै दर्ता भएको फर्म/उद्योग/कम्पनी/समुह/संस्था/सहकारीको प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
5. सञ्चालित व्यवसाय/कार्यक्रम सञ्चालन स्थलको रंगीन फोटोहरु
6. जग्गा भाडामा भए सम्झौताको प्रमाणपत्र, धनीपुर्जाको प्रतिलिपी।
7. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र

डा. रोशन दाहाल
कार्यालय प्रमुख

फोन नं ०२४४६०१७६ Email: vhlsectaplejung@gmail.com

CamScanner